# लेखा सहायक सेनानी (लेखा स.से.) पद लिखित परीक्षा पेशा बिषयको पाठ्यक्रम (आन्तरीक)

## उद्देश्य

यो पाठ्यक्रम नेपाली सेनाको आन्तरीक लेखा सहायक सेनानी पदका उम्मेदवारहरु छनौट परिक्षणको लागि तर्जुमा गरिएको हो । लेखा सहायक सेनानी पदका उम्मेदवार छनौटको लिखित परिक्षामा सरिक हुने उम्मेदवारहरुको पेशा बिषयलाई आधार मानी प्रश्नहरु सोधिने छ ।

(क) लिखित परिक्षाको माध्यम नेपाली/अंग्रेजी भाषामा हुनेछ ।

(ख) लिखित परिक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र अर्को चरणको परिक्षामा सम्मिलीत गराईने छ ।

(ग) प्रश्न पत्र निर्माण गर्दा पाठ्यक्रममा समाबेश भएका सबै विषयलाई समेट्नु पर्नेछ।

(घ) नेपाली सेनाको तत्कालीन आवश्यकता तथा बिबिध परिस्थितीमा नेपाली सेना अनुकुल हुने गरी उल्लेखीत बिवरणहरुमा हेरफेर हुन सक्ने छ ।

(ङ) यो पाठ्यक्रम लागू हुने मिति २०७०/ / गते ।

## लेखा सहायक सेनानी (लेखा स.से.) पदको (आन्तरीक) लिखित परीक्षा योजना

समय २ घण्टा ३० मिनेट — पूर्णाङ्कः १००

उत्तिर्णाङ्क:४०

| सि.नं. | बिबरण (पाठ योजना) | प्रश्न संख्या | प्रति प्रश्न भार अङ्क | जम्मा अङ्क | समय | कै. |
|---|---|---|---|---|---|---|
| १. | बस्तुगत प्रश्न (Objective) बहुबैकल्पिक प्रश्न (MCQ) | ५० | १ | ५० | २ घण्टा ३० मिनेट | |
| २. | बिषयगत लामो प्रश्न (Subjective Questions) | १० | ५ | ५० | | |
| जम्मा | | ६० | | १०० | | |

## पाठ्यक्रम

१. **सरकारी लेखा प्रणाली –** (४० पूर्णाङ्क)

(क) सरकारी श्रेस्ताको अर्थ,उद्देश्य, बिशेषता, सरकारी श्रेष्ता र व्यापारीक श्रेष्तामा भिन्नता

(ख) नेपाल सरकारको श्रेष्ता प्रणालीको बिकास, उद्देश्य, बिशेषता, महत्व र प्रयोग गरिने फारामहरु ।

(ग) गोश्वरा भौचरको परिचय, प्रकार र प्रयोगात्मक प्रश्न ।

(घ) बैक नगद कितावको, परिचय, पोष्टिङ्ग गर्ने नियमहरु र प्रयोगात्मक प्रश्न ।

(ङ) बजेट हिसाव खाताको परिचय, साल तमामी र प्रयोगात्मक प्रश्न ।

(घ) खर्चको फांटवारी महत्व र प्रयोगात्मक प्रश्न ।

२. **पेशा सम्बन्धि ज्ञान–**

(क) **सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ सम्बन्धि** (२० पूर्णाङ्क)

(1) खरिद कार्यको जिम्मेवारी र खरिद बिधि सम्बन्धि व्यवस्था ।

(2) खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान ।

(3) खरिद र खरिद सम्झौताको छनौट

(4) बोलपत्र सम्बन्धि व्यवस्था

(5) खरिद सम्बन्धि अन्य व्यवस्था

(6) राशन खरिद सम्बन्धि अन्य व्यवस्था

(ख) **आर्थिक कार्यबिधि ऐन २०५५ र नियमावली २०६४ सम्बन्धि** (१५ पूर्णाङ्क)

(1) संचित कोष तथा खाता संचालन सम्बन्धि व्यवस्था ।

(2) राजश्व दाखिला र राजश्व लेखा

(3) बजेट तथा कार्यक्रम सम्बन्धि व्यवस्था

(4) बजेट निकाशा र सरकारी रकम खर्च गर्ने तरिका

(5) सरकारी सम्पतिको जिम्मा त्यसको लगत, संरक्षण र बर बुझारथ

(6) लिलाम बिक्रि सम्बन्धि व्यवस्था

(7) धरौटी सम्बन्धि व्यवस्था

(8) पेश्की दिने र पेश्की फछ्र्यौट सम्बन्धि व्यवस्था

(9) केन्द्रीय लेखा, आर्थिक बिवरण र कार्य सम्पादन प्रतिबेदन

(10) लेखा, लेखापरीक्षण र बेरुजू फछ्र्यौट सम्बन्धि व्यवस्था

(**ग**) **कम्पनि ऐन २०६३ सम्बन्धि व्यवस्था** (५ पूर्णाङ्क)

(1) प्रबन्धपत्र, नियमावली तथा बिवरणपत्र ।

(2) मुख्य र सहायक कम्पनि

(3) कम्पनिको संस्थापना सम्बन्धि

(4) प्राईभेट कम्पनी सम्बन्धि बिशेष व्यवस्था

(5) एकल शेयरधनी भएको कम्पनि सम्बन्धि व्यवस्था

(6) बिदेशी कम्पनी सम्बन्धि व्यवस्था

**४. भ्रमण सम्बन्धि व्यवस्था** (५ पूर्णाङ्क)

**५. आयकर ऐन २०५८ सम्बन्धि व्यवस्था** (५ पूर्णाङ्क)

**६. नेपाली सेनामा बजेट सम्बन्धि व्यवस्था** (१० पूर्णाङ्क)

नोटः माथि उल्लेखित ऐन, नियमावली संसोधन भएमा संसोधित ऐन तथा नियमावलीहरुको आधारमा प्रश्न पत्र तयार गरिनेछ ।

# नमुना प्रश्न पत्र

समय : २ घण्टा ३० मिनेट | पूर्णाङ्क: १००
उतिर्णाङ्क: ४०

सबै प्रश्नहरु अनिवार्य छन् ।

## खण्ड-क
(बहुबैकल्पिक प्रश्न)

१. प्रत्येक महिनामा गरिएको खर्चको फांटवारी अर्को महिनाको कति गते भित्र सम्बन्धित को.ले.नि.कामा पेश गर्नु पर्दछ ?

(क) ७ गते (ख) १५ गते
(ग) २० गते (घ) १० गते

२. स्विकृत बोलपत्रको बोलपत्रदाताले ऐनको दफा कति बमोजिम कार्य सम्पादन जमानत पेश गर्नु पर्दछ ?

(क) दफा २५ (ख) दफा २७ (ग) दफा २९ (घ) दफा ३१

३. मालसमान खरिदमा सि.आई.पि. (क्यारिज एण्ड ईन्सोरेन्स पेड टु) मुल्यको कम्तीमा कति प्रतिशत रकम बराबरको बिमा गराउनु पर्नेछ ?

(क) १०० प्रतिशत (ख) १०५ प्रतिशत (ग) ११० प्रतिशत (घ) ११५ प्रतिशत

## खण्ड-ख
(बिषयगत प्रश्नहरु)

५१. नेपालमा कुन कुन श्रेस्ता प्रणालीहरु प्रयोगमा आएका छन वर्णन गर्नुहोस ।
५२. नयां श्रेष्ता प्रणालीको महत्व वारे बृस्तितमा लेख्नुहोस ।
५३. सिलबन्दी दरभाउ पत्रको प्रकृया बृस्तितमा लेख्नुहोस ।